पाखीबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाखीबास, धनकुटा
२०७३

## निर्णयहरू

१. **राम्रो नगर हाम्रो पहिचान पर्यटकिय नगर पाखीबासको अभियान** भन्ने मूल नाराको साथमा राम्चे डाडा, तिन तले ढुङ्गा, थाम डाडा, डिकुरे, गजथुम्बा डाडा, पन्चकन्या देबीथान, भुल्के सिमसार, पाखीबास सिमसार, जलदेवी सिमसार, इन्द्रेणी झरना, छायोलिङ्ग गुम्बा, पाखीबास कृषि फम, जौटार वनभोज स्थल, तिन दोभाने सामुदायिक वन, शिवालय मन्दिर, जालपादेबी देबीथान र रणनीति सडकहरू मध्ये प्रमुख क्षेत्रहरू समेटी आगामी आ.ब.मा **DPR** तयार गरी पर्यटकिय क्षेत्र विकास गर्ने कार्यको थालनी गरीने निर्णय गरियो ।

२. नगरको मुख्य चौकमा बस बिसौनी निमार्ण गरी उक्त ठाउमा सुविधा सम्पन्न **PUBLIC MOBILE CHARGER,** सुझाव पेटिका र नगरपालिकाको बस्तु स्थिति झल्कने फ्लेक्सका साथै नगरपालिका क्षेत्र भित्र भएका ऐतिहासिक पर्यटकीय क्षेत्रमा पुग्न लाग्ने समय उल्लेख भएका बोर्डहरू समेत राखिने निर्णय गरियो । जसको निगरानी सीसी क्यामेराले गर्ने व्यवस्था मिलाईने छ साथै बस बिसौनी र राम्चे डाडामा फ्रि वाई फाई सेवा उपलब्ध गराईने निर्णय गरियो ।

३. **"रातमा पनि झिलिमिली शहर, पाखीबासवासीको रहर"** भन्ने मूल नारालाई स्थापित गर्न सौर्य/सडक बत्ति जडान गर्ने कार्यलाई प्राथमिकतामा राखिने छ । साथै नया बन्ने घरहरूमा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम अनिवार्य **HYBRID** सोलार जडान गर्नु पर्ने नीति अवलम्वन गरीनेछ । सो कार्यको उत्प्रेरणाका लागि घरधनीलाई घरनक्सा पासको राजश्व रकममा १० प्रतिशत छुट दिइने निर्णय गरियो ।

४. आगामी आ.ब.को कामको मुल्यांकन गर्न निश्चित सुचकहरू सहितको कार्य सम्पादन मापन सुचक तयार गरी वडाहरूबाट सम्पादन भएका काममा प्रतिस्पर्धा गराउन तिन वडा वडालाई प्रथम दोस्रो र तेस्रो घोषणा गरी क्रमश रू ५ लाख, ३ लाख र १ लाख प्रोत्साहन अनुदान प्रदान गरीने निर्णय गरियो ।

५. नगरको शिक्षाको गुणस्तरलाई अभिबृद्धि गर्दै शिक्षण सिकाईको प्रभावकारीता साथै साक्षर नगर निर्माणका लागि नगर शिक्षा गुरू योजना तयार गरी कार्यान्वयनमा ल्याईने छ । जस अन्तर्गत स्थानीय सरकारको काम कर्तव्य र अधिकार साथै स्थानीय सरकारलाई स्थानीयवासीले गर्नु पर्ने सहयोग विषय समावेश गरी २० पूर्णाङ्कको पाठ्यक्रम नगर भित्रका सबै संस्थागत र नीजि बिद्यालयमा समावेश गर्नु पर्ने व्यवस्था कार्यान्वयमा ल्याईने निर्णय गरियो ।

६. नगर भित्र रहेको सामूदायिक र संस्थागत विद्यालयहरूको सहभागितामा बार्षिक रूपमा हाजिरी जवाफ, वक्तृत्वकला, गायन प्रतियोगिता लगायतका क्षमता विकास तथा प्रतिभा प्रष्फुटन गर्ने कार्यक्रम संचालन गरीने निर्णय गरियो ।

७. नगर भित्रको सामुदायिक बिद्यालयहरू मध्ये एस ई ई परिक्षामा उत्कृष्ट नतिजा ल्याउने बिद्यालयलाई पुरस्कार स्वरूप रू २ लाख प्रदान गरिने निर्णय गरियो । जसका लागि न्युनतम ८० प्रतिशत बिद्यार्थी उत्तीर्ण भएको हुनु पर्नेछ ।

८. जुनसुकै प्रकारका क्यान्सर, मुटुको भल्भ फेर्ने, मृगौला खराब, अल्जाइमर्स र पार्किन्सन भएको बिरामीलाई नेपाल सरकारले उपलब्ध गराउने औषधी उपचार सहयोगका अतिरीक्त नगरबाट यातायात खर्च स्वरूप प्रति बिरामी बढीमा रू १०,००० (अक्षरेपी दश हजार रूपैया) उपलब्ध गराइने निर्णय गरियो ।

९. कर्णधारसंग वडाध्यक्ष कार्यक्रम अर्न्तगत गर्भ रहे देखि प्रशुति पूर्ब नियमित चार पटक गर्भवती परीक्षण गराउने र तालिम प्राप्त स्वास्थ्य कार्यकर्ताबाट प्रशुति गराउने सुत्केरी महिलाको घरमा प्रथा परम्परा

अनुसार सुत्केरी समयमै वडाध्यक्षको नेतृत्वमा स्वास्थ्यको कर्मचारी वडा सचिव सहितको टिमले नबजात शिशु स्याहार सामाग्री र सुत्केरी महिलालाई पोषणयुक्त खानेकुरा (२ सन्तान सम्मलाई) उपलब्ध गराइने निर्णय गरियो ।

१०. नगरपालिकामा कार्यरत कर्मचारीलाई उत्प्रेरीत बनाउदै नगरपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन लामो समय देखी करारमा कार्यारत कर्मचारीहरूको स्थायीत्व, बृत्ति विकास एवम स्वेच्छिक अवकास जस्ता कार्यहरूलाई प्रचलित कानुन बमोजिम **पाखीबास नगरपालिका कर्मचारी प्रशासन विनियम** बनाई व्यवस्थित गर्ने निर्णय गरियो । साथै स्थानीय तहमा जनशक्ति समायोजन भई आईनसकेको हुदा करार सेवाद्वारा नगरपालिकाले आफ्नो सार्वजनिक सेवा प्रवाह गरीरहेको छ । यिनै करार सेवा द्वारा व्यवस्थापन गरीएका जनशक्तिले मूलभूत रूपमा अग्रपक्तिमा बसी कार्य गरीरहेको हुदा अर्को व्यवस्था नभए सम्मकालागि नगरपालिकाले करार सेवा लिएका जनशक्तिलाई निरन्तरता दिइने निर्णय गरियो । उनीहरूको मनोवल उच्च राखि कार्यसम्पादनलाई सेवाग्राही मैत्री बनाउन दण्ड र पुरस्कारको नीति कार्यान्वयनमा ल्याईने छ ।

११. स्थानीय निकाय स्थानीय तहमा रूपान्तरण भए पश्चात स्थानीय सरकारको रूपमा कार्यसम्पादन गर्नुपर्ने अवस्था छ । हाल संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कुल दरबन्दी एकिन भैसकेको भएता पनि सिमित कर्मचारीबाट कार्यसम्पादन गराउनुपर्ने बाध्यता एकातिर छ भने जनप्रतिनिधि द्वारा नेतृत्व गरेका स्थानीय तह र सो अर्न्तगतका कार्यालयहरूबाट छिटो, छरितो, सृजनशिल र फरक ढंगले सेवा सम्पादन हुने कुरा महसुस गराउनु पर्नेछ । यसका लागि उत्प्रेरीत मानव संसाधनले मात्र आवश्यकता पुरा गर्न सक्ने अवस्था हुन्छ । तसर्थ फिल्डमा निरन्तर खटिने, कहिलेकाही खटिने र कार्यालयमा ज्यालादारी र संस्थागत करारबाट सेवा लिएका बाहेकका सबै कर्मचारीलाई मासिक बेतनको एक तृतीयांश सम्म पारितोषिक र नेपाल सरकारले तोके बमोजिमको पोषाक भत्ता र चाडबाड खर्च समेत उपलब्ध गराईने निर्णय गरियो । माथि उल्लेख भए भन्दा बढि काम खटाउनु पर्ने विषेश परिस्थितिमा कर्मचारीहरूको कामका आधारमा प्रमुखले स्वीकृत बजेटको अधिनमा रहि तोके बमोजिम हुनेछ भने फिल्डमा खटिने र कार्यालयमा बिहान बेलुका काम गर्ने सवारी साधन उपलब्ध गराईएका वा भएका कर्मचारीलाई प्रमुख प्रशासकिय अधिकृतले निर्णय गरी स्वीकृत बजेट भित्र रही ईन्धन उपलब्ध गराउने छ ।

१२. पाखीबास नगरपालिकाको १० वटै वडाहरूमा **ONE WARD ONE PRODUCT (OWOP)** कार्यक्रम संचालन गरीने निर्णय गरियो । व्यवसायिक आर्गेनिक खेती गर्ने कृषकहरूलाई नगरपालिकाले तालिम दिने, बिउ बिजन उपलब्ध गराउने एवं प्राविधिक परामर्शका लागि सहयोगी भूमिका निर्वाह गर्नुका साथै बजार व्यवस्थापनमा लागि पहल गर्ने निर्णय गरियो । अर्गानिक उत्पादन प्रमाणित हुने प्रबिधिको बिकास गरी उत्पादित कृषि उपज धरान, इटहरी बिराटनगर लगाएतका नजिकका शहरहरूका आधुनिक व्यापारिक महलहरू बजारिकरण र समन्वय गर्ने कार्य नगरपालिकाले गर्नेछ ।

१३. दुग्ध उत्पादन कार्यलाई प्रबद्धन गर्न उत्कृष्ट दुग्ध उत्पादक तिनजना कृषकलाई उन्नत जातको बाछी खरिदका लागि रू दश हजारका दरले पुरस्कार प्रदान गरीने निर्णय गरियो ।

१४. व्यवसायिक रूपमा धराने कालो बंगुर पालन गरी निर्यात गर्ने उत्कृष्ट फर्मलाई बार्षिक रूपमा रू पन्ध्र हजार पुरस्कार दिइने निर्णय गरियो ।

१५. व्यवसायिक रूपमा बाखा पालन गरी निर्यात गर्ने उत्कृष्ट फर्मलाई बार्षिक रूपमा रू पन्ध्र हजार पुरस्कार दिइने निर्णय गरियो ।

१६. चालु बर्षमा सबै भन्दा बढी माहुरी पालन गर्ने कृषकको पहिचान गरी प्राबिधिक सेवाका अतिरिक्त २ घार मौरी पुरस्कार स्वरूप आगामी बर्ष उपलब्ध गराइने निर्णय गरियो ।

प्रमुख

१७. न.पा.का वडाहरूलाई रूद्राक्ष, माहुरी र एबोकाडो दुग्ध लगायत को पकेट क्षेत्रको रूपमा बिकास गर्दै लगिने छ । प्रस्ताबित पकेट क्षेत्रका गरिब घर परिवार पहिचान गरी गरिबी न्युनिकरणका लागि **गरिबसंग नगरपालिका** कार्यक्रम संचालन गरीने निर्णय गरियो ।

१८. अपांगता भएका नागरिकले भूमि खरिद गर्दा घरबाटो सिफारीसमा लाग्ने दस्तुरमा ३० प्रतिशत छुट दिईने निर्णय गरियो । तर यस्तो छुट लिनका लागि अपांगता परिचयपत्र पेश गर्नुपर्नेछ भने व्यवसायिक कारोबार गर्ने व्यक्तिहरूले उक्त छुट पाउने छैनन् साथै अपांगता भएका नागरिकले तिर्नुपर्ने व्यवसाय करमा ५० प्रतिशत छुट दिइने निर्णय गरियो ।

प्रमुख